११९४।६२६

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना
आदेश

मु.नं. १७०/२०७०/०७१

निर्णय नं. ७२६

सिन्धुपाल्चोक जिल्ला सिन्धुकोट ७ बस्ने कुमार प्रसाद चौलागाई र दान बहादुर कार्की.........१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख/सचिव, सूचना तथा संचार मन्त्रालय, सिंहदरबार, काठमाडौं .......................१ प्रत्यर्थी
ऐ.ऐ.का सूचना अधिकारी ..............................................................................................१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

सिन्धुपाल्चोक जिल्ला सिन्धुकोट ७ बस्ने कुमार प्रसाद चौलागाई र दान बहादुर कार्कीले सूचना तथा संचार मन्त्रालय, सिंहदरवार, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाऊँ भनी यस आयोग समक्ष मिति २०७०।१०।१५ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगबाट विभिन्न मितिमा लेखापढी हुने क्रममा सबैभन्दा पछिलो पटक मिति २०७२।०५।३० च.नं. १५४ को पत्रद्वारा सूचना तथा संचार मन्त्रालय, सिंहदरवार, काठमाडौंलाई सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सम्बन्धमा उक्त सूचना तथा संचार मन्त्रालय, सिंहदरवार, काठमाडौंले मिति २०७२।०६।२०, च.नं. ८० को पत्र द्वारा पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरिसकिएको भनी यस आयोगलाई जानकारी गराइएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल चैत्र ११ गते रोज ५ शुभम् ।